# वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७२/७३

**( FY 2015/16)**

# नेपाल राष्ट्र बैंक

## वित्त कम्पनी सुपरिवेक्षण विभाग

## २०७३

# विषय-सूची

## खण्ड (क)

## पृष्ठभूमि एवं नियमन व्यवस्था


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| २ | वित्तीय संस्थाहरुको सुपरिवेक्षणको प्रमुख उद्देश्य | १ |
| ३ | निरीक्षण तथा सुपरिवेक्षणका आधार | २ |
| ४ | नियमन व्यवस्था | २ |


## खण्ड (ख)

## स्थलगत निरीक्षण


| | | |
|---|---|---|
| १ | विभागबाट स्थलगत निरीक्षण गरिएका कम्पनीहरु | ५ |
| २ | KPMG मार्फत स्थलगत निरीक्षण गरिएका कम्पनीहरु | ६ |
| ३ | स्थलगत निरीक्षण गरिएका कम्पनीहरु मध्ये मर्ज भएका वित्त कम्पनीहरु | ६ |


## खण्ड (ग)

## गैरस्थलगत सुपरिवेक्षण


| | | |
|---|---|---|
| १ | वित्त कम्पनीहरुको वित्तीय विश्लेषण | ७ |
| २ | वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरु | १३ |


## खण्ड (घ)

## विशेष तथा अनुगमन निरीक्षण


| | | |
|---|---|---|
| १ | विशेष निरीक्षण | २० |
| २ | अनुगमन निरीक्षण | २० |


## खण्ड (ङ)

## कार्यान्वयन


१. कार्यान्वयन (Enforcement) - जरिवाना/हर्जाना २१


**खण्ड (च)**

**नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि**


१. नीति, योजना र आन्तरिक प्रशासन २२


## अनुसूची


अनूसूची- १ वित्त कम्पनीहरूको सूची २३

अनूसूची- २ वित्त कम्पनीहरूको वित्तीय सुचकाङ्क २४

## खण्ड (क)

## पृष्ठभूमि एवं नियमन ब्यवस्था

### १. पृष्ठभूमि

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५ को उपदफा (१) मा व्यवस्था भए बमोजिम नेपाल राष्ट्र वैकको काम, कर्तब्य र अधिकार अन्तर्गत वाणिज्य वैंक तथा वित्तीय संस्थालाई वैंकिङ तथा वित्तीय कारोवार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्न तोकिए बमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त गरेका वैक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षणको कार्य बैंक सुपरीवेक्षण विभाग, विकास बैंक सुपरीवेक्षण विभाग, वित्त कम्पनी सुपरीवेक्षण विभाग तथा लघु वित्त प्रवर्द्धन तथा सुपरीवेक्षण विभागबाट हुँदै आएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको समग्र कारोवारलाई निरीक्षण तथा सुपरीवेक्षण गर्न २०६८ सालसम्मको नेपाल राष्ट्र बैंकको संरचनामा बैंक सुपरीवेक्षण विभाग र गैरबैंक सुपरीवेक्षण विभाग रहेकोमा वित्तीय संस्थाहरुको कारोवार क्षेत्र र कार्य प्रकृतिको आधारमा गैरबैंक सुपरीवेक्षण विभागलाई विकास बैंक सुपरीवेक्षण विभाग र वित्त कम्पनी सुपरीवेक्षण विभाग गरी २ वटा विभागमा विभाजन गरी कार्य सम्पादन हुँदै आएको छ । आर्थिक वर्ष २०७२/७३ मा यस बिभागको सुपरिवेक्षकीय दायरा अन्तर्गत रहेका ३१ वटा वित्त कम्पनीहरुको समष्ठिगत स्थलगत निरीक्षण र गैरस्थलगत सुपरीवेक्षण सम्वन्धी सम्पूर्ण कार्य सम्पादन हुंदै आएको छ । यस विभागको उद्देश्य हासिल गर्न विभागीय संरचना अन्तर्गत स्थलगत सुपरीवेक्षण तथा कार्यान्वयन इकाई, गैरस्थलगत सुपरीवेक्षण इकाइ, नीति तथा योजना इकाइ तथा आन्तरिक प्रशासन इकाइ गरी ४ वटा इकाइहरुबाट कार्य सम्पादन भइरहेको छ । वित्त कम्पनीहरुमा वित्तीय जोखिम र पूर्वानुमानका संकेत तथा विश्लेषण गर्न सक्ने Software को अभाव, प्रणालीहरुको अन्य सदस्यहरुसंगको तिब्र प्रतिस्पर्धा, अफै पनि उच्च स्तरमा रहेको गैह्र वैकिङ सम्पत्ति, स्तरिय वैकिङ उत्पादन, सेवा र सुविधाको अपर्याप्तता र आधुनिक वैकिङ उत्पादन (Banking Products) को अभावको कारण सर्वसाधारणको कम रोजाईमा पर्ने संभावनालाई समेत दृष्टिगत गर्दा सबै वित्त कम्पनीहरुको निरीक्षण र सुपरीवेक्षण प्रति केन्द्रिय बैंक थप चनाखो बन्नु पर्ने देखिएको छ ।

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० को विनियम ४४ मा नीति योजना तथा अग्रदृष्टि विश्लेषण इकाईले प्रत्येक आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र विभागले सार्वजनिक जानकारीको लागि निरीक्षण तथा सुपरिवेक्षण गरेका वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपछि प्रकाशन गर्नुपर्ने ब्यवस्था रहेको हुँदा आ.व २०७२/७३ मा वित्त कम्पनी सुपरिवेक्षण विभागबाट सम्पादन भएका कार्यहरुलाई सुपरिवेक्षण प्रतिवेदनमा समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदन यस विभागबाट सम्पन्न भएका अनुसूची १ मा उल्लेखित ३१ वटा वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण लगायतका क्रियाकलापसंग सम्बन्धित रहेको छ ।

### २. वित्तीय संस्थाहरुको सुपरिवेक्षणको प्रमुख उद्देश्य

- स्वस्थ र सक्षम वित्तीय प्रणालीको विकास गर्ने,
- कुशल वित्तीय बजारको निर्माण गरी वित्तीय स्थायित्व कायम गर्ने,
- वित्तीय क्षेत्रमा प्रचलित नियम, कानुन तथा निर्देशनहरूको पालना गर्न लगाउने,
- वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गराउने,
- स्वस्थ वित्तीय संस्थाहरू मार्फत विशेष गरी निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्ने, र
- वित्तीय परिसूचक मार्फत देखिने पूर्वसावधानी सङ्केतहरू (Early Warning Signals) का आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी समाधानका उपयुक्त उपाय अवलम्वन गर्ने ।

## ३. निरीक्षण तथा सुपरिवेक्षणका आधार

वित्त कम्पनीहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता, प्रतिफलको दर, तरलता, वित्तीय स्वास्थ्य जस्ता पक्षहरूको देहायका आधारमा सुपरिवेक्षण गर्ने गरिएको छ :

- प्रचलित नेपाल कानुनहरू (नेपाल राष्ट्र बैंक ऐन २०५८, साविक बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ आदि),
- नियमन व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन/मार्ग निर्देशनहरु,
- नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० (पहिलो संशोधन सहित),
- स्थलगत/गैरस्थलगत सुपरिवेक्षणका सन्दर्भमा दिइएका निर्देशनहरु,
- बासेल समितिले निर्धारण गरेका बैकिङ्ग सुपरिवेक्षण सम्बन्धी मापदण्डहरू,
- सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित सिद्धान्तहरू (Best International Practices),
- वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, साधारण सभा र सञ्चालक समितिबाट पारित निर्णय, नीति तथा निर्देशिकाहरु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखामान पद्धति ।

## ४. नियमन व्यवस्था

यस बैङ्कबाट ईजाजतपत्रप्राप्त ग वर्गका वित्त कम्पनीहरूका लागि आर्थिक वर्ष २०७२/७३ मा गरिएका प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विषय | कायम गर्नुपर्ने (प्रतिशतमा) |
|---|---|---|
| १. | **न्यूनतम पूँजी (जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक पूँजी | ५.५ |
| | पूँजीकोष | ११ |
| २. | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल (Pass) कर्जा/सापट (साँवा वा ब्याजले भाखा ननाघेको वा ३ महिनासम्म भाखा नाघेको) | १ |
| | सुक्ष्म निगरानी (Watch list) ( सावाँ वा व्याज तोकिएको अवधि भित्र भुक्तानी नभइ एक महिनाभन्दा बढी अवधिले वक्यौता रहेको कर्जा) | ५ |
| | कमसल (Sub-standard) कर्जा/सापट (साँवा वा ब्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाका नाघेका) | २५ |
| | शंकास्पद (Doubtful) कर्जा/सापट (साँवा वा ब्याजले ६ महिनादेखि बढीमा १ बर्षसम्म भाका नाघेका) | ५० |
| | खराब (Loss) कर्जा/सापट (साँबा वा व्याजले १ वर्षभन्दा बढी अवधिले भाका नाघेका) | १०० |
| | पुनरतालिकीकरण गरिएको - ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाइएको) तथा पुनर्संरचना गरिएको - कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गरिएको) कर्जा/सापट | १२.५ |
| | व्यक्तिगत/संस्थागत जमानीमा मात्र प्रवाहित कर्जामा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था | २० |
| ३. | **प्रतिग्राहक कर्जा सीमा -प्राथमिक पुंजीको आधारमा)** | |
| | कोषमा आधारित तथा गैरकोषमा आधारित दुबै कर्जाहरु गरी कुल सीमा | २५ |

| | | |
|---|---|---|
| | जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजनाका लागि कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा | ५० |
| ४. | **लगानी सम्बन्धी सीमा** | |
| | जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना सञ्चालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य ( बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुँजीको प्रतिशतमा) | २५ |
| | पब्लिक लि. कम्पनीको रुपमा स्थापना भएका आवास भवन निर्माण तथा जग्गा विकास (Housing and Land Development) परियोजनामा लगानी (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुंजीको प्रतिशतमा) | १० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा ठिक अघिल्लो त्रयमासमा कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १० |
| | सवै संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी -बढीमा आफ्नो प्राथमिक पुँजीको प्रतिशत) | ३० |
| | संगठित संस्थाहरु (“घ” वर्गको वित्तीय संस्था बाहेक) को शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | १० |
| | “घ” वर्गको वित्तीय संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | २५ |
| | वित्तीय स्वार्थ भएको कंपनीको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा आफ्नो प्राथमिक पुँजीको आधारमा कायम रहने सीमा | २० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभुतगर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | १० |
| | सबै संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभुतगर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | ५० |
| ५. | **साप्ताहिक अनिवार्य मौज्दात अनुपात (२ सप्ताह अघिको कुल निक्षेप दायित्वको आधारमा)** | |
| | चल्ती र/वा कल खाताको निक्षेप स्वीकार गरेमा | ४ |
| | चल्ती र/वा कल खाता बाहेकका अन्य निक्षेप मात्र स्वीकार गरेमा | २ |
| ६. | **बैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कुल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | |
| | चल्ती वा कल खाताको निक्षेप स्वीकार गरेमा | ८ |
| | चल्ती वा कल खाता निक्षेप संकलन नगरेमा | ६ |
| ७. | **वित्तीय स्रोत सङ्कलन सीमा** | |
| | सापटी श्रोत परिचालन (कुल निक्षेप दायित्वको आधारमा) | ३३.३ |
| | वित्तीय श्रोत (ब्याज वा विना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) को संकलन (प्राथमिक पुँजीको आधारमा) | १५ (गुणा) |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट परिचालन गरिने संस्थापक निक्षेप दायित्व (कुल निक्षेप दायित्वको आधारमा) | २० |
| ८. | **उत्पादनशील क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जा सापटीको** | १० |

| | | |
|---|---|---|
| ९. | **विपन्न वर्ग कर्जा (त्रैमासिक रुपमा)** | |
| | ६ महिना अघिको कर्जा तथा सापटको आधारमा प्रवाह गर्नुपर्ने विपन्न वर्ग कर्जा तथा लगानीको न्युनतम सीमा | ४ |

## खण्ड (ख)

## स्थलगत निरीक्षण

यस विभागबाट वित्त कम्पनीहरुको समग्र वित्तीय स्थिति लगायत प्रचलित ऐन, नियम, नीति तथा यस बैंकबाट समय समयमा जारी गरिएका निर्देशनहरूको पालनाको स्थितिका सम्बन्धमा स्थलगत निरीक्षणबाट मूल्याङ्कन गर्ने गरिएको छ । स्थलगत निरीक्षणको लागि आवश्यक कागजातहरु तयार गर्न सम्बन्धित संस्थालाई सामान्यतया स्थलगत निरीक्षणमा जाने मितिले ७ दिन अगावै सूचना गरिन्छ । स्थलगत निरीक्षण समष्टिगत स्वरुपको हुने भएकोले CAMELS (Capital adequecy, Assets quality, Management, Earning, Liquidity and Sensitivity to Market Risk Rating) को आधारमा वित्त कम्पनीहरुको मूल्याङ्कन गरिन्छ । साथै, सम्वन्धित संस्थाको जोखिम पक्षहरुलाई समेत मध्यनजर गरी निरीक्षण कार्य गरिन्छ । स्थलगत निरीक्षण अन्तर्गत छनौटको आधारमा संस्थाका शाखाहरू तथा संस्थाले लगानी गरेका परियोजनाहरू समेत निरीक्षण गरिन्छ । वित्त कम्पनीहरुको कामकारवाहीबाट निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्थलगत निरीक्षणले विस्तृत जानकारी प्रदान गर्दछ । प्रत्येक वर्ष सबै वित्त कम्पनीलाई स्थलगत निरीक्षण गर्ने गरी लक्ष्य निर्धारण गर्ने गरिएको छ ।

आर्थिक वर्ष २०७२/७३ मा २८ वटा वित्त कम्पनीहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ । त्यसैगरी ६ वटा वित्त कम्पनीहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य KPMG मार्फत गरिएको छ । स्थलगत निरीक्षण गरिएका कम्पनीहरुको नाम देहाय बमोजिम रहेको छ :

**विभागबाट स्थलगत निरीक्षण गरिएका कम्पनीहरु :**

| क्र. सं. | वित्त कम्पनीको नाम | निरीक्षण मिति | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १. | नेपाल आवास फाइनान्स लि., तिनकुने, काठमाण्डौं | २०७२।८।१५ | २०७२।८।२१ |
| २. | एनआइडिसी क्यापिटल मार्केट्स लि, कमलपोखरी, काठमाण्डौ | २०७३।३।८ | २०७३।३।१२ |
| ३. | नारायणी नेशनल फाइनान्स लि., कालिकास्थान, काठमाण्डौं | २०७३।२।२३ | २०७३।२।३१ |
| ४. | काठमाण्डौं फाईनान्स लि., डिल्लीवजार, काठमाण्डौं | २०७२।६।३ | २०७२।६।१४ |
| ५. | युनियन फाइनान्स लि., कमलादी, काठमाण्डौं | २०७२।११।१६ | २०७२।११।२३ |
| ६. | पश्चिमान्चल फाइनान्स लि., बुटवल, रुपन्देही | २०७२।९।५ | २०७२।९।१६ |
| ७. | गुडविल फाइनान्स लि., हात्तिसार, काठमाण्डौं | २०७२।४।२४ | २०७२।४।३२ |
| ८. | सिद्धार्थ फाइनान्स लि., सिद्धार्थनगर, रुपन्देही | २०७२।९।५ | २०७२।९।१३ |
| ९. | श्री ईन्भेष्टमेण्ट एण्ड फाइनान्स लि., डिल्लीवजार, काठमाण्डौं | २०७३।१।१९ | २०७३।१।२८ |
| १०. | लुम्विनी फाइनान्स एण्ड लिजिंग लि., ठमेल, काठमाण्डौं | २०७२।८।१५ | २०७२।८।२४ |
| ११. | महालक्ष्मी फाइनान्स लि., पुतलीसडक, काठमाण्डौं | २०७२।४।२४ | २०७२।४।३२ |
| १२. | प्रोग्रेसिभ फाइनान्स लि., न्युरोड | २०७२।८।१५ | २०७२।८।२१ |
| १३. | जानकी फाइनान्स लि., जनकपुरधाम, धनुषा | २०७२।११।२९ | २०७२।१२।६ |
| १४. | पोखरा फाइनान्स लि., पोखरा, कास्की | २०७३।२।१७ | २०७३।२।२८ |
| १५. | सेन्ट्रल फाइनान्स कं. लि., कुपण्डोल, ललितपुर | २०७२।४।२४ | २०७२।४।३१ |
| १६. | मल्टिपरपस फाइनान्स लि., राजविराज, सप्तरी | २०७२।११।१६ | २०७२।११।२२ |
| १७ | श्रृजना फाईनान्स लि., विराटनगर, मोरंग | २०७२।९।५ | २०७२।९।११ |
| १८. | गुहेश्वरी मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लि., हरिहरभवन | २०७२।८।१५ | २०७२।८।२३ |
| १९. | एभरेष्ट फाइनान्स लि., सिद्धार्थनगर, रुपन्देही | २०७२।११।३० | २०७२।१२।६ |
| २०. | आईसिएफसी फाइनान्स लि., भाटभटेनी, काठमाण्डौं | २०७३।१।१९ | २०७३।१।२९ |
| २१ | नेपाल एक्सप्रेस फाइनान्स लि., सुन्धारा, काठमाण्डौं | २०७२।८।२७ | २०७२।९।३ |
| २२. | सेती फाईनान्स लि., टिकापुर, कैलाली | २०७२।९।१९ | २०७२।९।२६ |
| २३. | हामा मर्चेण्ट एण्ड फा.लि., त्रिपुरेश्वर, काठमाण्डौं | २०७२।४।२४ | २०७२।४।२९ |
| २४. | नमस्ते वित्तीय संस्था लि., घोराही, दांग | २०७२।९।१९ | २०७२।९।२६ |
| २५. | कास्की फाइनान्स लि., पोखरा, काठमाण्डौं | २०७३।१।१९ | २०७३।१।३० |
| २६. | युनिक फाइनान्स लि., पुतलीसडक, काठमाण्डौं | २०७२।९।५ | २०७२।९।१२ |

| | | | |
|---|---|---|---|
| २७. | जेविल्स फाइनान्स लि., न्यूरोड, काठमाण्डौं | २०७२।६।३ | २०७२।६।१४ |
| २८. | भक्तपुर फाइनान्स लि., च्यामसिंह, भक्तपुर | २०७२।६।३ | २०७२।६।१४ |

**KPMG मार्फत स्थलगत निरीक्षण गरिएका कम्पनीहरु :**

| क्र. सं. | वित्त कम्पनीको नाम | निरीक्षण मिति | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १. | युनाईटेड फाइनान्स लि., दरवारमार्ग, काठमाण्डौं | २३/०४/२०१५ | ३०/०६/२०१५ |
| २. | एन.आइ.डि.सी. क्यापिटल मार्केट | २३/०४/२०१५ | २९/०५/२०१५ |
| ३. | सिनर्जी फाइनान्स लि., बुटवल, रुपन्देही | ०७/०७/२०१५ | २७/०७/२०१५ |
| ४. | आई.सी.एफ.सी., भाटभटेनी, काठमाण्डौ | १०/०७/२०१५ | २१/०८/२०१५ |
| ५. | रिलायन्स लोटस फाइनान्स लि., प्रदर्शनी मार्ग, काठमाण्डौं | ३१/०७/२०१५ | ०१/०९/२०१५ |
| ६. | सगरमाथा फाइनान्स लि., मानभवन, काठमाण्डौ | २६/०८/२०१५ | २९/०९/२०१५ |

**स्थलगत निरीक्षण गरिएका कम्पनीहरु मध्ये मर्ज भएका वित्त कम्पनीहरु :**

| सि.नं. | **वित्त कम्पनी** | **किसिम** | **भएको संस्था** | **मिति** |
|---|---|---|---|---|
| १ | नेपाल एक्सप्रेस फाइनान्स लि.,सुन्धारा | मर्जर | कैलास विकास बैक लि. | २०७३।२।१७ |
| २ | नेपाल आवास फाइनान्स कं.लि.,तिनकुने | मर्जर | सिद्धार्थ डेभलपमेण्ट बैक लि. | २०७२।२।२८ |
| ३ | नारायणी नेशनल फाइनान्स लि.,डिल्लीबजार | मर्जर | सनराइज बैक लि. | २०७३।३।३० |

# खण्ड (ग)
# गैरस्थलगत सुपरिवेक्षण

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८४ मा भएको व्यवस्था बमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त ग वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशानुसार सबै वित्त कम्पनीहरूबाट प्राप्त वित्तीय विवरण लगायतका तथ्याङ्क एवं सूचनाका आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले पूर्वचेतावनी सङ्केत (Early Warning Signals) प्रदान गर्ने भएकोले सम्बन्धित वित्तीय संस्थालाई बेलैमा सुधारात्मक उपायहरू अवलम्बन गर्न निर्देशन दिन सहयोग पुऱ्याउँदछ । नेपाल राष्ट्र बैङ्क, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० लागू भएपछि विशेष गरी वित्त कम्पनीहरुको पूँजीको पर्याप्तता, कर्जा बर्गीकरण, क्षेत्रगत कर्जा तथा कर्जा नोक्सानी व्यवस्थापन, आम्दानीको अवस्था, तरलता र निक्षेपको अवस्था, वजार सम्वेदनशिलता लगायतका विवरणहरुको विश्लेषण सहितको गैरस्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । आर्थिक बर्ष २०७२/७३ मा यस विभागको सुपरिवेक्षकीय दायरामा रहेका वित्त कम्पनीहरूको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै सोको पालना अवस्था सम्बन्धमा अनुगमन समेत गरिएको छ । वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा आवश्यकता अनुसार निर्देशनहरु समेत दिने गरिएको छ ।

## १. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण

आर्थिक वर्ष २०७२/७३ मा कुल ३१ वित्त कम्पनीहरू यस विभागको सुपरिवेक्षकीय दायराभित्र रहेका छन् । वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएका सबै वित्त कम्पनीहरुको लेखा परीक्षण भएको वित्तीय विवरणको आधारमा तयार गरिएको समग्र वित्तीय अवस्था निम्न बमोजिम रहेको छ :

### १.१ प्राथमिक पूँजी तथा पूँजीकोष

रु करोडमा

| विवरण | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | (२-१)/(१) | (३-२)/(२) |
| प्राथमिक पुंजी | ११५० | १२१० | १२१४ | १३३६ | १२५३ | १०.०५ | -६.१८ |
| पुंजीकोष | १२१२ | १२७२ | १२६३ | १४०० | १३१० | १०.८५ | -६.४० |
| जोखिम भारित सम्पत्ति | ८०६७ | ८७०९ | ६०२० | ६९४९ | ६४०२ | १५.४३ | -७.८७ |
| प्राथमिक पुंजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशतमा) | १४.२६ | १३.८९ | २०.१७ | १९.२३ | १९.५८ | | |
| पुंजीकोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशतमा) | १५.०३ | १४.६० | २०.९८ | २०.१५ | २०.४७ | | |

आर्थिक बर्ष २०७२/७३ मा वित्त कम्पनीहरुको कुल पुँजीकोष अघिल्लो आ.ब.को रु १४०० करोडको तुलनामा ६.४० प्रतिशतले घट्न गई रु १३१० करोड भएको छ भने प्राथमिक पुँजी रु १३३६ करोडबाट ६.१८ प्रतिशतले घट्न गई रु १२५३ करोड कायम भएको छ । बैंक तथा विकास बैंकमा मर्ज तथा प्राप्तीका कारण वित्त कम्पनीहरुको संख्या घट्दै गएको हुँदा विगतको तुलनामा कुल पुँजीकोष घटेको देखिन आएको छ । अघिल्लो वर्ष पुँजीकोष र प्राथमिक पुँजी क्रमश: १०.८५ प्रतिशत तथा १०.०५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७२/७३ मा जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात २०.४७ प्रतिशत रहेको छ भने जोखिम भारित सम्पत्तिसंग प्राथमिक पुँजी अनुपात १९.५८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा यस्तो जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात क्रमश: २०.१५ तथा १९.२३ प्रतिशत रहेको थियो ।

## १.२ जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात

| विवरण | ०६८/६९ | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | (२-१)/(१) | (३-२)/(२) |
| कुल सम्पत्ति | ११११८९ | १०८५५ | ७९१३ | ८६६८ | ८०६५ | ९.५४ | -६.९६ |
| जोखिम भारित सम्पत्ति | ८०६७ | ८७०९ | ६०२० | ६९४९ | ६४०२ | | |
| जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात (प्रतिशतमा) | ७२.१० | ८०.२४ | ७६.०८ | ८०.१७ | ७९.३९ | | |

२०७३ आषाढ मसान्तमा वित्त कम्पनीहरूको कुल सम्पत्ति २०७२ आषाढ मसान्तको तुलनामा ६.९६ प्रतिशतले ह्रास भई रु.८०६५ करोड हुन आएको छ । २०७२ आषाढ मसान्तमा कुल सम्पत्तिको बृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा ९.५४ प्रतिशतले बृद्धि भएको थियो । २०७३ आषाढ मसान्तमा कुल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात ७९.३९ प्रतिशत रहेको छ जुन अघिल्लो आर्थिक बर्षमा ८०.१७ प्रतिशत रहेको थियो ।

## १.३ लगानी

रु करोडमा

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| सरकारी सुरक्षणपत्र | २२७ | २४८ | ३३१ | ९.२५ | ३३.२७ |
| शेयर तथा डिवेञ्चर | ९९ | १३४ | १०९ | ३५.३५ | -१८.६६ |
| अन्य लगानी | ३७ | २५ | २२ | -३२.४३ | -१०.०८ |
| कुल लगानी | ३६३ | ४०७ | ४६२ | १२.१२ | १३.५१ |
| प्राथमिक पूँजी | १२१४ | १३३६ | १२५३ | | |
| शेयर तथा डिवेञ्चर लगानी/प्राथमिक पूँजी अनुपात (% मा) | ८.१५ | १०.०३ | ८.७० | | |


२०७३ आषाढमसान्तमा वित्त कम्पनीहरुको कुल लगानी रु.४६२ करोड पुगेको छ, जुन २०७२ आषाढको कुल लगानी रु.४०७ करोडको तुलनामा १३.५१ प्रतिशतले बढी हो । २०७१ आषाढमा कुल लगानी रु.३६३ करोड रहेको थियो ।

## १.४ कर्जा तथा सापटको वर्गीकरण

रु करोडमा

| विवरण | ०६८/६९ | ०६९/७० | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| सक्रिय कर्जा | ६०१६ | ६२१७ | ४७३५ | ५४३६ | ४७४८ | १४.८० | -१२.६६ |
| निष्कृय कर्जा | ८८५ | ९४२ | २८३ | २७६ | २८७ | -२.४७ | ३.९१ |
| **कूल कर्जा तथा सापट** | ६९०१ | ७१५९ | ५०१८ | ५७१२ | ५०३५ | १३.८३ | -११.८६ |
| कुल कर्जा नोक्सानी व्यवस्था | ५८६ | १०९६ | २७८ | २८६ | ३२० | | |
| कुल कर्जा नोक्सानी व्यवस्था/कुल कर्जा अनुपात (प्रतिशतमा) | ८.५३ | १५.३१ | ५.५४ | ५.०१ | ६.३५ | | |
| **निष्कृय कर्जा अनुपात** (प्रतिशतमा) | १२.८२ | १३.१६ | ५.६४ | ४.८३ | ५.७० | | |

२०७३ आषाढ मसान्तमा वित्त कम्पनीहरुको निष्कृय कर्जा अघिल्लो वर्षको सोही मसान्तको रु. २७६ करोडबाट ३.९१ प्रतिशतले बढ्न गई रु. २८७ करोडमा पुगेको छ। यस अवधिको कुल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात ५.७० प्रतिशत कायम रहन गएको छ । निष्कृय कर्जाको अनुपात आ.व. २०७१/७२ मा ४.८३ प्रतिशत र आ.व. २०७०/७१ मा ५.६४ प्रतिशत रहेको थियो ।





वित्त कम्पनीहरुको कुल कर्जा सापट आ.व. २०७२/७३ मा ११.८६ प्रतिशतले घटेर रु ५०३५ करोड हुन पुगेको छ। जुन अघिल्लो बर्ष १३.८३ प्रतिशतले बढेको थियो ।

## १.५ कर्जा र निक्षेप अनुपात

रु करोडमा

| विवरण | ०६८/६९ | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| **कर्जा तथा सापट** | ६९०१ | ७१५९ | ५०१८ | ५७१२ | ५०३५ | १३.८३ | -११.८६ |
| **निक्षेप** | ७६४५ | ७६८० | ५८५४ | ६६७६ | ६१५३ | १४.०४ | -७.८३ |
| **कर्जा/निक्षेप अनुपात ( % मा)** | ९०.२७ | ९३.२२ | ८५.७२ | ८५.५६ | ८१.८२ | | |
| **कर्जा /(प्राथमिक पूँजी तथा निक्षेप) अनुपात (% मा)** | ७८.४६ | ८०.५३ | ७१.०० | ७१.२९ | ६७.९७ | | |

वित्त कम्पनीहरुको समग्र कर्जा/निक्षेप अनुपात २०७३ आषाढमा ८१.८२ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष आषाढमा यस्तो अनुपात ८५.५६ प्रतिशत रहेको थियो । यसै गरी कर्जा /(प्राथमिक पूँजी तथा निक्षेप) अनुपात २०७३ आषाढमा ६७.९७ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष आषाढमा यस्तो अनुपात ७१.२९ प्रतिशत रहेको थियो ।





## १.६ गैरबैंकिङ सम्पत्ति

रु. करोडमा

| विवरण | ०६८/६९ | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| गैरबैंकिङ सम्पत्ति | ४२ | ८१ | ६३ | ५४ | ८४ | -१४.२९ | ५४.८२ |
| कुल सम्पत्ति | १११८९ | १०८५५ | ७९१३ | ८६६८ | ८०६४.५ | ९.५४ | -६.९६ |
| गैरबैकिङ सम्पत्ति/कूल सम्पत्ति अनुपात | ०.३७ | ०.७५ | ०.८० | ०.६२ | १.०४ | | |

वित्त कम्पनीहरुको गैरबैंकिङ सम्पत्तिमा आर्थिक बर्ष २०७२/७३ मा अघिल्लो आर्थिक बर्षको तुलनामा ५४.८२ प्रतिशतले बृद्धि भई रु. ५४ करोडबाट रु. ८४ करोडमा पुगेको छ । आ.व. २०७०/७१ मा यस्तो सम्पत्ति रु. ६३ करोड रहेको थियो । कुल सम्पत्तिमा गैरबैकिङ सम्पत्तिको २०७२ आषाढ मसान्तमा ०.६२ प्रतिशत रहेकोमा २०७३ आषाढ मसान्तमा १.०४ प्रतिशतमा रहेको छ ।





## १.७ प्रतिफलको स्थिति

रु करोडमा

| विवरण | ०६८/६९ | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| ब्याज आम्दानी | ११७६ | १०७४ | ७४९ | ७९७ | ६६२ | ६.४१ | -१६.९१ |
| ब्याज खर्च | ८३८ | ७१६ | ४७० | ४६७ | ३६८ | -०.६४ | -२१.१८ |
| सञ्चालन आम्दानी | ४१३ | २६९ | ३७८ | ३६५ | १६७ | -३.४४ | -५४.३१ |
| खुद नाफा/नोक्सान | -२२० | ११२ | १३९ | १७२ | १९४ | २३.७४ | १२.९१ |

आर्थिक बर्ष २०७२/७३ मा वित्त कम्पनीहरुको खुद नाफा रु. १९४ करोड भएको छ । अघिल्लो आर्थिक बर्ष २०७१/७२ मा रु.१७२ करोडले खुद नाफा भएको थियो ।



## १.८ तरलता

रु करोडमा

| विवरण | ०६८/६९ | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| नगद | १३५ | १८२ | ९०० | ९९ | १०३ | -८९.०० | ३.८९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३९२ | ३०८ | २१४ | २६९ | २५७ | २५.७० | -४.५६ |
| अन्य बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २१६९ | १०१० | १७६ | १८२२ | २१२० | ९३५.२३ | १६.३८ |
| सरकारी सुरक्षणपत्रमा लगानी | २४८ | १८४ | २२७ | २४८ | ३३१ | ९.२५ | ३३.२७ |
| कुल तरल सम्पत्ति | २९४५ | १६८५ | १५१७ | २४३८ | २८११ | ६०.७१ | १५.२८ |
| निक्षेप | ७६४५ | ६७८० | ५८५४ | ६६७६ | ६१५३ | | |
| तरल सम्पत्ति/कुल निक्षेप अनुपात | ३८.५२ | २१.९३ | २५.९१ | ३६.५२ | ४५.६८ | | |

२०७३ आषाढ मसान्तमा अघिल्लो वर्ष २०७२ आषाढ मसान्तको तुलनामा वित्त कम्पनीहरुको तरल सम्पत्तिमा १५.२८ प्रतिशतले वृद्धी भई २८११ करोड हुन पुगेको छ । अघिल्लो आर्थिक वर्षमा तरल सम्पत्ति ६०.७१ प्रतिशतले वृद्धि भएको थियो ।

२०७३ आषाढ मसान्तमा वित्त कम्पनीहरुसंग रहेको नगद मौज्दातमा ३.८९ प्रतिशतले बृद्धि भएको छ भने सरकारी सुरक्षणपत्रमा लगानी ३३.२७ प्रतिशतले बढेको छ ।
वित्त कम्पनीहरुको तरल सम्पत्ति कुल निक्षेप अनुपात आर्थिक बर्ष २०७२/७३ मा ४५.६८ प्रतिशत रहेको छ । आर्थिक बर्ष २०७१/७२ र आर्थिक बर्ष २०७०/७१ मा यस्तो अनुपात क्रमशः ३६.५२ प्रतिशत तथा २५.९१ प्रतिशत रहेको थियो ।

## १.९ वित्तीय स्रोत (सापटी तथा निक्षेप) परिचालन

रु करोडमा

| | ०६८/६९ | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| वरण | | | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| निक्षेप | ७६४५ | ७६८० | ५८५४ | ६६७६ | ६१५३ | १४.०४ | -७.८३ |
| सापटी | ९७ | १३६ | ४२ | ४२ | २५३ | ०.०० | ५०२.१२ |
| कुल वित्तीय स्रोत | ७७४२ | ७८१६ | ५८९६ | ६७१८ | ६४०६ | १३.९४ | -४.६४ |
| प्राथमिक पूँजी अघिल्लो त्रयमास | ११५० | १२१० | १२१४ | १३३६ | १४६० | | |
| वित्तीय स्रोत सङ्कलन/अघिल्लो त्रैमासको प्राथमिक पूँजी (गुणा) | ६.७३ | ६.४६ | ४.८६ | ५.०३ | ४.३९ | | |

२०७३ आषाढ मसान्तमा वित्त कम्पनीहरूको निक्षेप रु. ६१५३ करोड र सापटी रु.२५३ करोड गरी जम्मा रु.६४०६ करोड कुल वित्तीय स्रोत रहेको देखिन्छ जुन २०७२ आषाढको तुलनामा ४.६४ प्रतिशतले कमी आएको देखिन्छ । आर्थिक बर्ष २०७१/७२ मा अघिल्लो आर्थिक बर्ष २०७०/७१ को तुलनामा १३.९४ प्रतिशतले कुल वित्तीय स्रोत बढ्न गई रु. ५८९६ करोडबाट रु.६७१८ करोड पुगेको थियो ।
वित्तीय स्रोत सङ्कलन अनुपात २०७१ आषाढमा प्राथमिक पूँजीको ४.८६ गुणा भएकोमा २०७२ आषाढमा ५.०३ गुणा र २०७३ आषाढमा ४.३९ गुणा रहेको छ ।

## २. वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरुः

यस विभागको सुपरीवेक्षकीय दायराभित्र रहेका ३१ वटा वित्त कम्पनीहरुलाई संस्थाको वाह्य लेखा परीक्षण प्रतिवेदनका आधारमा गैरस्थलगत सुपरीवेक्षण गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका मुख्य निर्देशनहरु देहाय बमोजिम रहेका छन् :

### २.१ एन.आइ.डि.सि. क्यापिटल मार्केट्स लिमिटेड

आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सुधार गर्नुहुन ।

### २.२ युनियन फाइनान्स लिमिटेड

(१) यस बैंकको निर्देशन बमोजिम चुक्ता पुँजी कायम गर्नुहुन ।
(२) २०७३ असार मसान्तमा १८.७५ प्रतिशतको उच्च स्तरमा रहेको संस्थाको कुल निष्कृय कर्जा अनुपातलाई स्वीकार्य सीमाभित्र ल्याउनु हुन ।
(३) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार २०७४ असार मसान्तमा न्युनत्तम चुक्ता पुँजी रु. ८० करोड पुऱ्याउनु हुन ।
(४) आर्थिक वर्ष २०६९/७०, २०७०/७१ र २०७१/७२ को वित्तीय विवरण प्रकाशन गर्न विभिन्न मितिमा स्वीकृति प्रदान गरिएकोमा हाल सम्म पनि साधारण सभा नगर्नुको कारण स्पष्ट पार्नुहुन । साथै, आगामी आर्थिक वर्षहरुमा समयमै वित्तीय विवरण प्रकाशन गरी साधारण सभा गर्ने व्यवस्था मिलाउनु हुन ।
(५) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७३ को निर्देशन नं. १० को बुंदा नं. ८ मा भएको व्यवस्था बमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगाानी गर्दा चुक्ता पुंजीको बढीमा १५ प्रतिशतसम्म लगानी गर्न सकिने व्यवस्था भएकोमा संस्थाका संस्थापक शेयरधनी श्री अल्पाइन ट्राभल सर्भिस प्रा. लि. को शेयर स्वामित्व १७.७१ प्रतिशत रहेकोले निर्देशन बमोजिम यथाशीघ्र १५ प्रतिशतको सीमाभित्र ल्याई यस बैंकलाई जानकारी गराउनु हुन ।
(६) चालू पूँजी कर्जा नविकरण गर्दा अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिए नलिएको सम्बन्धमा अनिवार्य रुपमा ऋणीबाट स्वघोषणा लिने गर्नुहुन ।
(७) ऋणी संस्था भएमा पछिल्लो २ आर्थिक बर्षको लेखा परिक्षण भएको वित्तीय विवरण तथा आगामी आर्थिक वर्षको अनुमानित वित्तीय विवरणको विश्लेषण गरेर मात्र कर्जा स्वीकृत/नविकरण गर्ने गर्नु हुन ।
(८) प्राथमिक पुँजीको ५० देखी १०० प्रतिशतसम्म कर्जा लगानी गर्दा सो को पर्याप्त अनुगमन गर्ने प्रणालीको विकास गरी सो अनुसार अनुगमन गरेर मात्र लगानी गर्ने गर्नुहुन ।
(९) नियमित रुपमा दवाव परिक्षण गरी सो को परिमाणका सम्बन्धमा सञ्चालक समितिमा छलफल गर्ने गर्नुहुन ।
(१०) आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सुधार गर्नुहुन ।

### २.३ गुडविल फाइनान्स लि.

(१) आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सुधार गर्नुहुन ।
(२) संस्थाले मिति २०६०/०७/१४ मा खरिद गरेको काठमाडौं महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ स्थित घरजग्गा (कुल किताबी मूल्य रु. १ करोड १ लाख ६ हजार ५ सय ६७) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०७२ को निर्देशन नं. ८ को बुंदा ७ को उपबुंदा (छ) र (ज) मा उल्लेख भए बमोजिम स्वप्रयोजनमा नल्याएको र बिक्री पनि नगरेको विषयमा अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति दिँदा समेत

निर्देशन दिएकोमा हालसम्म पनि सो को पालना नभएको सम्बन्धमा स्पष्ट पार्नुहुन ।

(३) वित्तीय विवरणका अनुसूचीहरु यस बैंकले तोकेको ढाँचा बमोजिम तर्जुमा गर्नु हुन र यस बैंकबाट जारी एकीकृत निर्देशन, २०७२ को निर्देशन नं. २ को बुँदा नं. ४ मा भएको व्यवस्था बमोजिम कर्जा वर्गिकरण गरी कर्जा नोक्सानी व्यवस्था गर्नुहुन ।

## २.४ सिद्धार्थ फाईनान्स लिमिटेड

(१) २०७३ असार मसान्तमा १३.७२ प्रतिशतको उच्च स्तरमा रहेको संस्थाको कुल निष्कृय कर्जा अनुपातलाई स्वीकार्य सीमाभित्र ल्याउनुहुन ।

(२) जोखिम व्यवस्थापन सम्बन्धी निर्देशिका तथा संस्थाले प्रदान गर्ने कर्जाको सम्बन्धमा Product Paper तयार गर्नुहुन ।

(३) आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सुधार गर्नुहुन ।

## २.५ श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड

(१) संस्थाको वासलात बाहिरको कारोवार र बजार जोखिम व्यवस्थापन सम्बन्धी नीति तथा निर्देशिका तर्जुमा गर्नुहुन ।

(२) नेपाल एकाउण्टिङ स्ट्याण्डर्डले गरेको व्यवस्था अनुसार ह्रासकट्टी रकमलाई स्थिर सम्पत्तिबाट घटाउने गर्नुहुन ।

